# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, असार २ गते २०६० साल (अतिरिक्ताङ्क १२

## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

#### सूचना १

बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले उक्त ऐन, २०६० साल साउन १ गतेदेखि प्रारम्भ हुने गरी तोकेको छ ।

#### सूचना २

बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ को दफा ४ को उपदफा (१) र (२) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले बैङ्क तथा वित्तीय संस्थाको ऋण असुलीसम्बन्धी मुद्दाको सुरु कारबाही तथा किनारा गर्नका लागि देहायबमोजिमका सदस्यहरू रहेको ऋण असुली न्यायाधिकरणको स्थापना गरी सो न्यायाधिकरणको मुकाम तथा प्रादेशिक क्षेत्राधिकार देहायबमोजिम हुने गरी तोकेको छः–

(क) न्यायाधिकरणको गठनः

| | |
|---|---|
| (१) श्री राजुमानसिंह मल्ल | –कानून सदस्य |
| (२) राधाकृष्ण पौडेल | –बैंकिङ्ग सदस्य |
| (३) श्री हिरण्यभक्त प्रधानाङ्ग | –लेखा सदस्य |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) मुकामः न्यायाधिकरणको मुकाम काठमाडौं उपत्यकामा रहनेछ र यस न्यायाधिकरणले आफ्नो इजलास नेपाल अधिराज्यभित्र जहाँसुकै पनि कायम गर्न सक्नेछ ।

(ग) प्रादेशिक क्षेत्राधिकार: यस न्यायाधिकरणलाई बैङ्क तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ अन्तर्गतका नेपाल अधिराज्य-भरका मुद्दाहरूको कारबाही र किनारा गर्ने अधिकार हुनेछ ।

## सूचना ३

बैङ्क तथा वित्तिय संस्थाको ऋण असुली नियमावली, २०५९ को नियम ३४ र ३६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले ऋण असुली न्याया-धिकरणका सदस्यहरूको पारिश्रमिक तथा अन्य सुविधा देहायबमोजिम तोकेको छ:–

(क) पारिश्रमिकः न्यायाधिकरणका सदस्यहरूले प्रतिमहिना जिल्ला न्यायाधीशले पाएसरहको पारिश्रमिक पाउनेछन् ।

(ख) भत्ताः न्यायाधिकरणका सदस्यहरूले मासिक रु. ७,४००।- ऋण असुली भत्ता पाउनेछन् ।

(ग) सञ्चयकोष सुविधाः न्यायाधिकरणका सदस्यहरूको मासिक पारि-श्रमिकको १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरको रकम थप गरी सञ्चयकोष दाखिला गरिनेछ ।

(घ) उपदानः श्री ५ को सरकार वा कुनै संगठित संघसंस्थामा पदाधिकार रही न्यायाधिकरणको सदस्यमा नियुक्त भएको व्यक्ति बाहेक अन्य व्यक्ति न्यायाधिकरणको सदस्यमा नियुक्ति भई भविष्यमा श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्वप्राप्त संगठित संस्थाको सेवाका लागि अयोग्य नठहरिने गरी सेवाबाट अवकाश प्राप्त गरेमा देहायबमोजिमको रकम उपदान बापत दिइनेछ।

(१) ५ वर्ष देखि १० वर्षसम्मको सेवा अवधि बापत प्रतिवर्ष आधा महिनाको तलब बराबरको रकम ।

(२) १० वर्ष देखि १५ वर्षसम्मको सेवा अवधि बापत प्रतिवर्ष एक महिनाको तलब बराबरको रकम ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) १५ वर्ष भन्दा माथिको अवधिका लागि प्रतिवर्ष डेढ महिनाको तलब बराबरको रकम ।

(ङ) बिदा सुविधाः न्यायाधिकरणका सदस्यहरूले जिल्ला न्यायाधीशले पाएसरहको बिदा सुविधा पाउनेछन् ।

(च) प्रशासकीय भत्ताः न्यायाधिकरणको अध्यक्षले जिल्ला न्यायाधीशले पाएसरहको प्रशासकीय भत्ता पाउनेछ ।

(छ) अन्य सुविधाः न्यायाधिकरणका सदस्यहरूले जिल्ला न्यायाधीशले पाए सरहको बिमा, औषधि उपचार, दैनिक तथा भ्रमण भत्ता र अर्दली सुविधा पाउनेछन् ।

आज्ञाले,
भानुप्रसाद आचार्य
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
562

मुद्रण विभाग, सिंहदरबार

पम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८८४